# नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता

सुस्मा पौडेल
परीक्षा क्रमाङ्क : २८७१०४२९/०७३
त्रि.वि. दर्ता नं. : ९–२–३८९५९–२०१०

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षाअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि.५४४ को पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र

शिक्षाशास्त्र केन्द्रीय विभाग
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि., कीर्तिपुर
२०७५/२०१८

## प्रतिबद्धता पत्र

यस शोध प्रतिवेदन भित्रका सामग्रीहरू कहीँ कतैबाट साभार गरिएको छैन । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ प्रस्तुत शोध प्रतिवेदन नितान्त मौलिक रहेको प्रतिबद्धता व्यक्त गर्दछु ।

......................

सुस्मा पौडेल

(शोधार्थी)

मिति : २०७५/०२/०१

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह नेपा.शि.५४४ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको प्रस्तुत **नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता** शीर्षकको शोधकार्य शोधार्थी सुस्मा पौडेलले मेरो निर्देशनमा तयार पार्नुभएको हो । कडा परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधपत्रबाट म सन्तुष्ट भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.......................................

सहप्रा.रविकिरण अधिकारी

(शोधनिर्देशक)

नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र सङ्काय

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

मिति : २०७५/०२/०१

May 15, 2018

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा. शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ शोधार्थी सुस्मा पौडेलद्वारा तयार पारिएको प्रस्तुत **नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन** शीर्षकको शोधकार्यको उक्त प्रयोजनका लागि उपयुक्त भएकाले स्वीकृति प्रदान गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन समिति

१. प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) ..........................

२. प्रा.महेश्वर न्यौपाने (शोध विशेषज्ञ) ..........................

३. सहप्रा. रविकिरण अधिकारी (शोधनिर्देशक) ..........................

मिति : २०७५/०२/०१

May 29, 2018

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह (एम.एड.) चौथो सत्रको नेपा.शि. ५४४ को पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको छ । यस शोधपत्रको शीर्षक 'नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता' रहेको छ । प्रस्तुत शोधपत्र तयारीका क्रममा लेखन तथा परिष्कार एवम् परिमार्जन कार्यमा आवश्यक सल्लाह, सुझाव तथा मार्गदर्शन गर्नुहुने शोधनिर्देशक आदरणीय गुरु सहप्रा. रविकिरण अधिकारीज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

शोधप्रस्ताव लेखनदेखि नै सल्लाह, सझाव तथा आवश्यक मार्ग निर्देशन गर्नुहुने नेपाली भाषा शिक्षा विभागका विभागीय प्रमुख प्रा.डा. रामप्रसाद भट्टराईप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । साथै आफ्नो अमूल्य समयका बाबजुत पनि यस शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक सुझाव सहित सहयोग गर्नुहुने नेपाली भाषा शिक्षा विभागका सम्पूर्ण गुरुहरूप्रति पनि धन्यवाद दिन चाहन्छु । साथै यस शोधकार्यका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्न सहयोग पुऱ्याउनु हुने नवलपरासी जिल्लाका चारओटा सामुदायिक चारओटा संस्थागत विद्यालयका प्रधानाध्यापक/प्रमुख, विषय शिक्षक एवम् सहभागी विद्यार्थीहरूप्रति आभार प्रकट गर्दछु ।

मेरो अध्ययनलाई वर्तमान अवस्थासम्म पुयाउनका लागि विभिन्न समस्याहरूसँग सङ्घर्ष गर्दै सधैं मानसम्मान, इज्जत तथा प्रतिष्ठाको लागि जीवनमा सङ्घर्ष गर्नुपर्दछ भन्ने अर्ती उपदेश दिँदै मलाई उचित समय स्रोत साधन र वातावरण उपलब्ध गराएर निरन्तर उत्प्रेरणा, स्नेह र आशीर्वाद प्रदान गर्नुहुने मेरा पूजनीय माता सीता पौडेल र पिता युवराज पौडेल तथा दिदी कल्पना पौडेल र भिनाजु रामप्रसाद रेग्मीप्रति म सदैव ऋणी छु । यसका साथै शोधकार्यमा प्रत्यक्ष रूपमा सहयोग गर्नुहुने बहिनी सुधा पौडेल, भाइ शिशिर पौडेल, पारस पौडेलप्रति आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा, प्रस्तुत शोधपत्र समुचित मूल्याङ्कनका लागि त्रि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर समक्ष पेस गर्दछु ।

शोधार्थी
सुस्मा पौडेल
नेपाली भाषा शिक्षा
विभाग त्रि.वि., कीर्तिपुर

## शोधसार

प्रस्तुत शोधपत्रको शीर्षक 'नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता' रहेको छ । यो शोधकार्य त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा अन्तर्गत स्नातकोत्तर तह चौथो सत्र नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो ।

प्रस्तुत शोधका उद्देश्यहरू नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठनसम्बन्धी क्षमता पहिचान गर्नु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्नु र नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको छ ।

प्रस्तुत शोधपत्रमा राखिएका उद्देश्यहरू पुरा गर्ने क्रममा अपनाइएका अध्ययन विधि तथा प्रक्रियामा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । यसका साथै नवलपरासी जिल्लामा रहेका सामुदायिक र संस्थागत विद्यालयहरूमध्ये नमुना छनोटका रूपमा ८ ओटा विद्यालयहरू मात्र छनोट गरिएको छ । ती छनोटमा परेका विद्यालयका ८० जना विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । जनसङ्ख्या तथा नमुना छनोटका आधारमा सङ्कलन गरिएका तथ्याङ्कलाई आधार मानी व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

प्रस्तुत शोधपत्र सात अध्यायमा विभाजन गरिएको छ । यसअन्तर्गत अध्याय एकमा शोध परिचयअन्तर्गत अध्यायको पृष्ठभूमि, समस्या कथन, शोधको उद्देश्य, अध्ययनको सान्दर्भिकता, अध्ययनको औचित्य, शोधकार्यको सीमा र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ । अध्याय दुईमा पूर्वकार्यको समीक्षा, सैद्धान्तिक परिचय, वाक्यगठनको परिचय, वाक्यगठनसम्बन्धी अध्ययनको आवश्यकता, वाक्यगठनका पक्षहरू प्रस्तुत गरिएको छ । अध्याय तीनमा शोधविधि र अध्ययन प्रक्रिया प्रस्तुत गरिएको छ । यसअन्तर्गत पुस्तकालयीय अध्ययन क्षेत्रीय अध्ययन विधि, नमुना सर्वेक्षण विधि, तथ्याङ्क सङ्कलनका स्रोत, जनसङ्ख्याको पहिचान, नमुना छनोट, सामग्री निर्माण, तथ्याङ्क सङ्कलन, तथ्याङ्क व्याख्या विश्लेषण र प्रस्तुतीकरण प्रस्तुत गरिएको छ । यसअन्तर्गत समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन, लैङ्गिकता र विद्यालयको प्रकृतिका आधारमा वाक्यगठन

क्षमताको तुलनात्मक अध्ययन प्रस्तुत गरिएको छ । अध्याय सातमा सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

- वाक्यगठनका विभिन्न पक्षहरूमध्ये विद्यार्थीहरू सबैभन्दा कमजोर वाच्यगत वाक्यगठनमा रहेको पाइयो भने सबैभन्दा सबल वचनगत वाक्यगठनमा रहेको पाइयो ।
- लैङ्गिकताका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता तुलना गर्दा छात्राहरूको तुलनामा छात्रहरूको वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।
- विद्यालय प्रकृतिको आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना गर्दा सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा संस्थागत विद्यार्थीहरूको वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।
- वाक्यगठनका विभिन्न पक्षहरूमध्ये एउटा महत्त्वपूर्ण पक्ष काल हो । कालसम्बन्धी क्षमता जाँच्नको लागि आठओटा प्रश्न सोधिएकोमा ८४ प्रतिशत विद्यार्थीहरूले ७ देखि ८ ओटा प्रश्न मिलाएका छन् भने १६ प्रतिशत विद्यार्थीहरूले ४ देखि ६ ओटा प्रश्न मिलाएका छन् । त्यसैगरी लैङ्गिकताको आधारमा हेर्दा छात्राको भन्दा छात्रको कालगत क्षमता राम्रो रहेको पाइयो भने विद्यालय प्रकृतिको आधारमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।
- वाक्यगठनका विभिन्न पक्षहरूमध्ये अर्को महत्त्वपूर्ण पक्ष आदर हो । आदरसम्बन्धी क्षमता जाँच्नको लागि आठओटा प्रश्न सोधिएकोमा ६८ प्रतिशतले ७ देखि ८ ओटा प्रश्न मिलाएका छन् भने २५ प्रतिशतले ४ देखि ६ ओटा र ७ प्रतिशतले १ देखि ३ ओटा प्रश्न मिलाएका छन् । त्यसैगरी लैङ्गिकताको आधारमा हेर्दा छात्राको भन्दा छात्रको आदरगत क्षमता राम्रो पाइयो भने विद्यालय प्रकृतिको आधारमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीको आदरगत वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।

- वाक्यगठनका विभिन्न पक्षहरूमध्ये अर्को महत्त्वपूर्ण पक्ष वाच्य हो । वाच्यसम्बन्धी क्षमता जाँच्नको लागि आठओटा प्रश्न सोधिएकोमा ३८ प्रतिशतले ७ देखि ८ ओटा प्रश्न मिलाएका छन् भने ५० प्रतिशतले ४ देखि ६ ओटा र १२ प्रतिशतले १ देखि ३ ओटा प्रश्न मिलाएका छन् । त्यसैगरी लैङ्गिकताको आधारमा हेर्दा छात्रको भन्दा छात्राको वाच्यगत क्षमता राम्रो पाइयो भने विद्यालय प्रकृतिको आधारमा हेर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाच्यगत वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।

- वाक्यगठनका विभिन्न पक्षहरूमध्ये अर्को महत्त्वपूर्ण पक्ष वचन हो । वचनसम्बन्धी क्षमता जाँच्नको लागि आठओटा प्रश्न सोधिएकोमा ८७ प्रतिशतले ७ देखि ८ ओटा प्रश्न मिलाएका छन् भने १३ प्रतिशतले ४ देखि ६ ओटा प्रश्न मिलाएका छन् । त्यसैगरी लैङ्गिकताको आधारमा हेर्दा छात्राको भन्दा छात्रको वचनगत क्षमता राम्रो पाइयो भने विद्यालय प्रकृतिको आधारमा हेर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वचनगत वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।

- वाक्यगठनका विभिन्न पक्षहरूमध्ये अर्को महत्त्वपूर्ण पक्ष पुरुष हो । पुरुषसम्बन्धी क्षमता जाँच्नको लागि आठओटा प्रश्न सोधिएकोमा ८१ प्रतिशतले ७ देखि ८ ओटा प्रश्न मिलाएका छन् भने १५ प्रतिशतले ४ देखि ६ ओटा प्रश्न मिलाएका छन् । त्यसैगरी लैङ्गिकताको आदरमा हेर्दा छात्राको भन्दा छात्रको पुरुषगत वाक्यगठन क्षमता राम्रो पाइयो भने विद्यालय प्रकृतिको आधारमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको विद्यार्थीहरूको पुरुषगत वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।

- स्वतन्त्र लेखनसम्बन्धी अध्ययन विश्लेषण गर्दा नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको स्वतन्त्र लेखनसम्बन्धी क्षमता सन्तोषजनक रहेको पाइयो । त्यसैगरी लैङ्गिकताको आधारमा हेर्दा छात्रको भन्दा छात्राको स्वतन्त्र लेखनसम्बन्धी क्षमता राम्रो पाइयो भने विद्यालय प्रकृतिको आधारमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको स्वतन्त्र लेखनसम्बन्धी वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।

## विषयसूची

पृष्ठ


अध्याय एक

शोध परिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याकथन २

१.३ शोधकार्यको उद्देश्य ३

१.४ शोधको सान्दर्भिकता र उपयोगिता ३

१.५ शोधकार्यको परिसीमा ४

१.६ शोधपत्रको रूपरेखा ५

अध्याय दुई

पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय

२.१ पूर्वकार्यको समीक्षा ७

२.१.१ पुस्तक समीक्षा ७

२.१.२ शोध समीक्षा ९

२.२ सैद्धान्तिक परिचय १४

२.२.१ वाक्यगठनको परिचय १४

२.२.२ वाक्यगठनका पक्षहरू १६

अध्याय तीन

शोधविधि र प्रक्रिया

३.१ शोधविधि २४

३.१.१ पुस्तकालयीय अध्ययन २४

३.१.२ क्षेत्रीय अध्ययन विधि २४

३.२ शोध प्रक्रिया २५

३.२.१ जनसङ्ख्या तथा प्रतिनिधि नमुना छनोट २५

३.३ सामग्री सङ्कलनका स्रोतहरू २५

३.३.१ प्राथमिक स्रोत २५

३.३.२ द्वितीयक स्रोत २५
३.४ सामग्री निर्माण २६
३.५ तथ्याङ्क, विश्लेषण र प्रस्तुतीकरण २६

## अध्याय चार

## समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन

४.१ कालका आधारमा वाक्यगठन क्षमता २८
४.२ आदरगत आधारमा वाक्यगठन क्षमता ३०
४.३ वाच्यका आधारमा वाक्यगठन क्षमता ३१
४.४ वचनका आधारमा वाक्यगठन क्षमता ३२
४.५ पुरुषगत आधारमा वाक्यगठन क्षमता ३४
४.६ स्वतन्त्र लेखनसम्बन्धी समग्र स्थिति ३५

## अध्याय पाँच

## लैङ्गिकताका आधारमा वाक्यगठन क्षमताको तुलना

५.१ लैङ्गिकताका आधारमा वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन ३७
५.१.१ कालगत आधारमा तुलना ३७
५.१.२ आदरगत आधारमा तुलना ३८
५.१.३ वाच्यगत आधारमा तुलना ४०
५.१.४ वचनगत आधारमा तुलना ४१
५.१.५ पुरुषगत आधारमा तुलना ४२
५.२ स्वतन्त्र लेखनसम्बन्धी छात्र र छात्रा विद्यार्थीको तुलना ४३

## अध्याय छ

## विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना

६.१ विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन ४६
६.१.१ कालगत आधारमा तुलना ४६
६.१.२ आदरगत आधारमा तुलना ४८
६.१.३ वाच्यगत आधारमा तुलना ४९

६.१.४ वचनगत आधारमा तुलना ५१

६.१.५ पुरुषगत आधारमा तुलना ५२

६.२ स्वतन्त्र लेखनसम्बन्धी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलना ५३

## अध्याय सात

## सारांश, निष्कर्ष र उपयोगिता

७.१ सारांश ५७

७.२ निष्कर्ष ५८

७.३ उपयोगिता ६१

७.३.१ नीतिगत तह ६१

७.३.२ प्रयोगगत तह ६१

**सन्दर्भसूची** ६३

**परिशिष्ट**

**व्यक्तिवृत्त**

# तालिका सूची


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन | २७ |
| २. | कालका आधारमा वाक्यगठन क्षमता | २९ |
| ३. | आदरगत आधारमा वाक्यगठन क्षमता | ३० |
| ४. | वाच्यगत आधारमा वाक्यगठन क्षमता | ३१ |
| ५. | वचनगत आधारमा वाक्यगठन क्षमता | ३३ |
| ६. | पुरुषगत आधारमा वाक्यगठन क्षमता | ३४ |
| ७. | स्वतन्त्र लेखनसम्बन्धी समग्र स्थिति | ३५ |
| ८. | कालगत आधारमा तुलना | ३७ |
| ९. | आदरगत आधारमा तुलना | ३८ |
| १०. | वाच्यगत आधारमा तुलना | ४० |
| ११. | वचनगत आधारमा तुलना | ४१ |
| १२. | पुरुषगत आधारमा तुलना | ४२ |
| १३. | स्वतन्त्र लेखनसम्बन्धी छात्र र छात्रा विद्यार्थीको तुलना | ४४ |
| १४. | कालगत आधारमा तुलना | ४६ |
| १५. | आदरगत आधारमा तुलना | ४८ |
| १६. | वाच्यगत आधारमा तुलना | ४९ |
| १७. | वचनगत आधारमा तुलना | ५१ |
| १८. | पुरुषगत आधारमा तुलना | ५२ |
| १९. | स्वतन्त्र लेखनसम्बन्धी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलना | ५४ |
| २०. | मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा स्वतन्त्र लेखनसम्बन्धी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलना | ५५ |

# सङ्क्षेप सूची

| | |
|---|---|
| नेपा.शि. | नेपाली शिक्षा |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| ने.भा.शि.वि. | नेपाली भाषा शिक्षा विभाग |
| क्र.स. | क्रम सङ्ख्या |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| प्रा. | प्राध्यापक |
| नं. | नम्बर |